**कमलामाई नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**सिन्धुलीमाढी, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**

## करारमा जनशक्ति पदपूर्ति गर्ने सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७९ भाद्र २८ गते

नेपाल सरकार र स्वीस सरकारको सहयोगमा कमलामाई नगरपालिकामा सामी परियोजना सञ्चालन हुँदै आई रहेकोमा उक्त परियोजनका लागि आवश्यक पर्ने तपशिल बमोजिमका पद, तह र संख्यामा कर्मचारीहरु २०८० आषाढ मसान्त सम्मको लागि सेवा करारमा नियुक्ती गर्नु पर्ने भएकोले ईच्छुक एवम् योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त दिन हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयको वेवसाईड www.kamalamaimun.gov.np बाट निःशुल्क उपलब्ध हुनेछ ।

**तपशिल**

| सि.नं. | विज्ञापन नं. | पद,तह | संख्या | दरखास्त दस्तुर(रु.) | परिक्षाको किसिम |
|---|---|---|---|---|---|
| १ | १/०७९/०८० | कार्यक्रम संयोजक | १ | १०००।- | कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ता |
| २ | २/०७९/०८० | सामाजिक परिचालन अधिकृत | १ | १०००।- | कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ता |
| ३ | ३/०७९/०८० | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ | ४००।- | कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ता |
| ४ | ४/०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ | ४००।- | कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ता |
| ५ | ५/०७९/०८० | वित्तीय साक्षारता सहजकर्ता | १ | ४००।- | कम्प्युटर प्रयोगात्मक र अन्तर्वार्ता |
| ६ | ६/०७९/०८० | रिटर्नी स्वयम् सेवक (आंशिक) | ३ | ३००।- | अन्तर्वार्ता |

**आबश्यक योग्यता**

१. **कार्यक्रम संयोजक** :-मानवीकी तथा सामाजिक संकाय, व्यबस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह'उत्तर्णि गरी ५ वर्षको कार्यानुभव, कम्तीमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित बैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ

२. **सामाजिक परिचालन अधिकृत** :-न्यूनतम स्नातक तह उत्तिर्ण गरी २ वर्ष सामाजिक परिचालनको क्षेत्रमा कार्य अनुभव भएको । बैदेशिक रोजगारको अनुभवभएको र सामाजिक परिचालन सम्बन्धी तालिम लिएकोलाई प्राथमीकता दिईनेछ ।

३. **आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता :- मान्यता प्राप्त शिक्षण संस्ताबाट** न्युनतम् प्रवीणता प्रमाणपत्र तहवा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्याअनुभव भएको । स्थानीय भाषा

उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्याअनुभव भएको । स्थानीय भाषा जानेको र सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको र कानुन विषयमा शैक्षिक योग्यता भएकोलाई प्राथमिकता दिईनेछ ।

४. **मनोसामाजिक परामर्शकर्ता** :- सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परार्श सम्बन्धि ६ महिना तालिम प्राप्त मानोसामाजिक परामर्शकर्ताको सन्दर्भमा :

- कम्तीमा प्रविणता प्रमाणपत्रत हवा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धि ६ महिना तालिम लिई सुरक्षित बैदेशिक रोजगारको क्षेत्रमा काम गरेको ।

**नयाँमनो सामाजिक परामर्शकर्ता भर्ना सम्बन्धि व्यबस्था :**

नयाँ मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता हुनु पर्नेछ । जुन निम्नानुसार छ :

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातकतह, वि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।
- मानोसामाजिक परामर्श सम्बन्धि तालिम प्राप्त गरी सोहि क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमीकता दिईनेछ ।

५. **वित्तीय साक्षरता सहजकर्ता** :- न्यूनतम् प्रवीणता प्रमाणपत्र तहवा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमीकता दिईनेछ ।

६. **रिटर्नी स्वयम्सेवक (आंशिक)** :-न्यूनतम कक्षा १० पास गरी वैदेशिक रोजगार ( खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेकोलाई प्राथमीकता दिईनेछ ।

७.**परिक्षा मिति** : - पछि सूचना प्रकाशित गरी जानकारी गराईने छ ।

८. **दरखास्त दिने अन्तिम मिति** : -प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र - अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट)

९ **उमेरको हद** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

१०, **दरखास्तसाथ संलग्न हुनु पर्ने कागजात** :- उम्मेदबारले तोकिएको शैक्षिक योग्यता तालिम , अनुभव, नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा स्वयम्ले प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

११. **परिक्षा दस्तुर** :- उल्लेखित दस्तुर यस नगरपालिकाको राजश्व प्रशासन शाखामा जम्मा गरी रसिद दरखास्त आवेदन साथ पेश गर्नु पर्नेछ ।

१२. **सेवाका शर्तहरु** :- प्रचलित कानुन अनुसार नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरेको मासिक तलव अनुसारको पारिश्रमिक नियमानुसार लाग्ने कर कट्टि गरी उपलब्ध हुने । अन्य कुरा करार

सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. तोकिएको म्याद भित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा अन्य रित नपुगेको दरखास्त स्विकृत गरिने छैन ।

१४. **उपरोक्त बमोजिमको करार वा सेवा कुनै पनि समय कारण खुलाई वा नखुलाई रद्द गर्न सक्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।**

विश्वकसेन ढकाल
प्रमुख प्रशासकिय अधिकृत